新宿区
SHINJUKU CITY



## प्राथमिक तथा निमाबिमा भर्ना हुने बच्चा भएका परिवारलाई

# भर्नाको उपलक्ष्यमा उपहार रकम बारेको सूचना

सिन्ज्युकु-कु शिक्षा समितिले, आगामी शैक्षिक सत्रमा भर्ना हुने नव प्राथमिक विद्यालय विद्यार्थी / नव निम्न माध्यामिक विद्यालय विद्यार्थी उमेरका बच्चाहरूलाई, भर्नाको उपलक्ष्यमा उपहार रकम प्रदान गरिने छ।

(नव प्राथमिक विद्यालय विद्यार्थी हुने उमेर पुगेका प्रत्येक बच्चालाई **50 हजार येन**, नव निम्न माध्यामिक विद्यालय विद्यार्थी हुने उमेर पुगेका प्रत्येक बच्चालाई **1 लाख येन**)

उपहार रकम प्राप्त गर्नको लागि, निवेदन दिन आवश्यक पर्न पनि सक्छ।

लक्षित परिवारलाई, **2024 साल जनवरी 24 तारिख (बुधवार)** का दिन हुलाकद्वारा सूचना पठाइने छ।

## सहयोग रकम प्राप्त गर्न सक्ने लक्षित व्यक्ति / निवेदन प्रक्रियाको बारेमा (फ्लोचार्ट)

① वा ② मा पर्ने बच्चा छ

① 2017 साल अप्रिल 2 तारिख देखि 2018 साल अप्रिल 1 तारिख सम्मको बीचमा जन्मेको बच्चा (नव प्रावि विद्यार्थी हुने उमेर )
2011 साल अप्रिल 2 तारिख देखि 2012 साल अप्रिल 1 तारिख सम्मको बीचमा जन्मेको बच्चा (नव निमावि विद्यार्थी हुने उमेर)

② आधार मिति (2024 साल जनवरी 1 तारिख) का दिनमा, सिन्ज्युकु-कुको ज्यूमिन किहोन दाइच्योमा नाम दर्ता भएको बच्चा

छ ↓    छैन ↓

आधार मिति (2024 साल जनवरी 1 तारिख) सम्ममा, लक्षित बच्चाको बालबालिका भत्ता प्राप्त गर्ने बैंक खाताको विवरण सिन्ज्युकु-वडा कार्यालयमा पेश गरिसकेको

(तसर्थ, लक्षित बच्चा र बालबालिका भत्ता प्राप्तकर्ता एकै परिवार सदस्य भएको बेलामा मात्र)

रकम प्राप्त गर्न अयोग्य

छ ↓    होइन ↓

### निवेदन प्रक्रिया चाल्नु आवश्यक छैन।

आधार मिति (2024 साल जनवरी 1 तारिख) सम्म दर्ता भएको बालबालिका भत्ता प्राप्त गर्ने बैंक खातामा रकमान्तर गरिने छ।

◆**रकमान्तर हुने सम्भावित मिति**
2024 साल फेब्रुअरी 29 तारिख (बिहीवार)

### "रुजू फाराम" पेश गर्नु आवश्यक छ

◆ **निवेदन दिने तरिका**

सूचनापत्रका साथ पठाइएको "रुजू फाराम" मा रकमान्तर गर्ने बैंक खाताको विवरण लेखी, बैंक खाताको पासबुक आदिको फोटोकपी संलग्न गरी, फिर्ती खाममा हालि पठाउनुहोस्।

◆ **निवेदन बुझाउने अन्तिम म्याद**

**2024 साल मार्च 29 तारिख (शुक्रवार)**
**हुलाक छाप मान्य**

◆ **रकमान्तर गर्ने सम्भावित मिति**

पछि छुट्टै पठाइने सहयोग रकम स्वीकृत भएको जानकारी दिने पत्र मार्फत रकमान्तर हुने दिनको सूचना दिइने छ।

### ◇ परामर्श गर्नुहोस् ◇

घरेलु हिंसा (DV) आदिको कारणबाट अन्य स्थानमा आश्रय लिइरहेको कारणबाट सिन्ज्युकु-कु मा ठेगाना दर्ता नभएको जस्ता विशेष कारण भएको बच्चा पनि लक्षित व्यक्तिमा पर्न सक्छ। देहायको कल सेन्टरमा सम्पर्क गरी परामर्श लिनुहोस्।

## सम्पर्कको लागि

सिन्ज्युकु-कु, भर्नाको उपलक्ष्यमा उपहार रकम कल सेन्टर

☎ 0120-553-663 (निःशुल्क) खुल्ने समयः कार्यालय खुल्ने दिन बिहान 8:30 देखि दिउसो 5 बजे सम्म

विस्तृत विवरणको लागि सिन्ज्युकु-कुको होमपेज हेर्नुहोस्